यस कार्यक्रमको बजेट सम्झौताको अवधिमा ६८.०९ मिलियन अर्थात रू.६९४५२०९४९५ रहेकोमा कार्यक्रमको मध्यावधी समीक्षा पछि संशोधन भइ तालिकामा उल्लेख भए बमोजिम रहेको छ ।

| श्रोत | रकम रू. | प्रतिशत |
|---|---|---|
| नेपाल सरकार | ११७०९६०००० | २३.२३% |
| ईफाड ऋण | २२४३२८४२११ | ४४.५% |
| ईफाड अनुदान | १८,६१,०५३६३ | ३.६९% |
| एस. डी. सी | ५२४४५३६० | १.०४% |
| पालिका | ३५०८८०००० | ६.९६% |
| लाभग्राही | ६८१३६०००० | १३.५२% |
| निजी क्षेत्र | ३५५९८०००० | ७.०६% |
| **जम्मा** | **५०४१०१४८३४** | **१००%** |

**कृषि क्षेत्र विकास कार्यक्रमले समेटेको पालिका तथा कृषक समूह संख्या (आ.व. २०७९/०८० सम्म)**

| जिल्ला | पालिका संख्या | समूह/ सहकारी संख्या | लाभान्वित कृषक संख्या |
|---|---|---|---|
| दैलेख | ११ | १६० | ४५४५ |
| डोल्पा | १ | २ | ४० |
| हुम्ला | १ | ३ | ६९ |
| जाजरकोट | ५ | १४७ | ४३८९ |
| हुम्ला | ८ | ७८ | २०५१ |
| कालिकोट | ५ | ५५ | १४६८ |
| मुगु | २ | ३२ | ८६३ |
| रूकुम पश्चिम | ६ | १६५ | ४६७९ |
| सल्यान | १० | १४३ | ३८११ |
| सुर्खेत | ९ | १७० | ४६४६ |
| **जम्मा** | **५८** | **९५५** | **२६५६१** |

**मूल्य श्रृंखला (Value Chain) अनुसार समूह/सहकारी संख्या (आ.व. २०७९/०८०) सम्म**

| मूल्य श्रृंखला | समूह सहकारी संख्या | सदस्य संख्या |
|---|---|---|
| दुग्ध व्यवसाय | २२७ | ६६१९ |
| अदुवा | १६ | ४१९ |
| खसी बोका | ३८४ | १०७३० |
| रैथाने बाली | १०० | २५९२ |
| बेमौसमी तरकारी | १८० | ४८४३ |
| बीउ आलु | २७ | ७५४ |
| बेसार | २१ | ६०४ |
| **जम्मा** | **९५५** | **२६५६१** |

**वार्षिक खर्च प्रवृत्ति (आ.व. २०७९/०८० सम्म)**




## सम्पर्कका लागि

**कृषि क्षेत्र विकास कार्यक्रम**

**कार्यक्रम समन्वय कार्यालय (PCO), सुर्खेत**

सम्पर्क फोन: ०८३-५२३२९६

Email: info@asdp.gov.np Website: www.asdp.gov.np

**अथवा,**

कार्यक्रम सम्पर्क कार्यालय: हरिहरभवन, ललितपुर

सम्पर्क फोन: ०१-५५५२९७७

**कृषि क्षेत्र विकास कार्यक्रम (ASDP)**

**कार्यक्रम समन्वय इकाई (PCU)**

जुम्ला: ०८७-५२०२३६, सल्यान: ०८८-४१२०१९, जाजरकोट: ०८९-४३०३३१

प्रकाशन मिति: आ.व. २०८०/८१

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

# कृषि क्षेत्र विकास कार्यक्रम

**वीरेन्द्रनगर, सुर्खेत**

IFAD Investing in rural people

## संक्षिप्त जानकारी

## कार्यक्रम क्षेत्र (Program Area)




## पृष्ठभूमि (Background)

कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को आर्थिक सहयोगमा उच्च मूल्य कृषि बाली/वस्तु विकास आमयोजना (HVAP) र नेपालमा अन्य सरकारी तथा दातृ निकायको सहयोगमा सञ्चालन गरिएका बजारमुखी कार्यक्रमहरूका अनुभव, सफलता र सिकाइहरूमा आधारित भई कृषि विकास रणनीति (सन् २०१५ देखि २०३५) का सिद्धान्तहरूलाई अवलम्बन गरी यो कार्यक्रम निर्माण गरिएको हो । सन् २०१८ जुन १८ मा नेपाल सरकार र IFAD बीच हस्ताक्षर भई कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत यो कार्यक्रम आ.व.२०७५/७६ देखि सञ्चालनमा रहेको छ । कार्यक्रमको मध्यावधि समीक्षा (Mid Term Review) वि.सं.२०७८ असोजमा सम्पन्न भएको छ । सम्झौता बमोजिम कार्यक्रमको समाप्ति मिति २०८१ पुस मसान्तसम्म रहेकोमा कार्यक्रमको मध्यावधि समीक्षा पछि यसलाई परिमार्जन गरी १ वर्ष थप गरिएको यो कार्यक्रम आ.व.२०८१/०८२ सम्म सञ्चालनमा रहनेछ ।

कर्णाली प्रदेश अन्तर्गत छिन्चु-जाजरकोट-डोल्पा, सुर्खेत, कालीकोट-जुम्ला-मुगु, सुर्खेत-दैलेख, सल्यान-रूकुम (पश्चिम) सडक खण्ड र मध्य पहाडी राजमार्ग वरिपरिका सबै १० जिल्लाहरू (सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालीकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला र पश्चिम रूकुम) मा यो कार्यक्रम सञ्चालन गरिएको छ ।

**बजेट:**

**संशोधित रकम** रू. ५,०४,१०,१४,८३४/-

**साझेदार संस्था:**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय यस कार्यक्रमको प्रमुख कार्यान्वयन संस्था हो । कार्यक्रमका साझेदार संस्थाहरू निम्नानुसार छन् ।

- *स्थानीय गाउँ तथा नगरपालिकाहरू*
- *वित्तिय संघसंस्थाहरू*
- *विभिन्न निजि तथा सार्वजनिक संस्थाहरू*
- *नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड*
- *उत्पादन समूह तथा सहकारीहरू र निजि व्यवसायीहरू ।*

### क) लक्ष्य (Goal)

कर्णाली प्रदेशका पहाडी तथा उच्च क्षेत्रका कृषकहरूको गरिवी तथा पोषण असुरक्षा न्यूनीकरण गर्दै दिगो विकास लक्ष्य ***(१-गरिवी विहिनता तथा २-शुन्य भोकमरी)*** प्राप्तिमा योगदान पुऱ्याउनु ।

### ख) उद्देश्य (Purpose)

कृषि मूल्य श्रृंखला-बाली वा वस्तुहरूको व्यवसाय उन्मुख उत्पादन र बजारीकरण प्रणालीमा संलग्न साना कृषक तथा सिमान्तकृत/पिछडिएका समूहहरूको आय तथा खाद्य सुरक्षामा दिगो सुधार ल्याउनु ।

### ग) प्रमुख उपलब्धि सूचकहरू (Outcome Indicator)

**लाभग्राही संख्या:**

- प्रत्यक्ष २८ हजार घरपरिवारहरू (दुई तिहाई महिला र एक चौथाई सिमान्तकृत वर्ग-दलित, जनजाती, मुसलमान, युवा तथा सुकुम्बासी र अन्य)
- सार्वजनिक पूर्वाधार, वित्तीय सेवा र कृषि प्रसार सेवाको विकासबाट थप ४० हजार घरपरिवार अप्रत्यक्ष रूपमा लाभान्वित हुने ।

**कार्यक्रमका सम्भागहरू:**

- **सम्भाग १ मूल्य श्रृंखला विकास**
- **सम्भाग २: कार्यक्रम व्यवस्थापन तथा समन्वय**

## सम्भाग १ : मूल्य श्रृंङखला विकास

नाफामूलक उच्च कृषि मूल्य श्रृंङ्खला वाली/वस्तुहरूको पहिचान र छनौट गर्ने, कृषि मूल्य श्रृंङ्खला विकासको लागि सह-लगानी गर्ने, सामुदायिक तथा सार्वजनिक बजार संरचनाको लागि सह-लगानी, ग्रामीण वित्तीय सेवाको विकास, कर्जा पहुँचमा सहयोग, सहभागितामूलक एवं बहुसंस्थागत कृषि प्रसार सेवा, कृषक संगठनको सुदृढीकरण र महिला सशक्तिकरण तथा घरपरिवार तहको पोषणको प्रवद्धन यस सम्भागको प्रमुख उद्देश्यहरू हुन् । यस सम्भाग अन्तरगत ४ वटा सह-सम्भागहरू (Sub–Components) कार्यक्रम असरहरूको रूपमा रहेका छन् ।

**सह-सम्भाग (असर) १ :**
विस्तारित एवं विविधिकृत-समावेशी र दिगो कृषि मूल्य शृङखला

**सह-सम्भाग (असर) २ :**
कृयाशील-बजारमुखी सार्वजनिक तथा सामुदायिक पूर्वाधार

**सह-सम्भाग (असर) ३ :**
मूल्य शृङखला विकासका लागि-सुदृढ ग्रामिण वित्तीय सेवा

**सह-सम्भाग (असर) ४ :**
मूल्य शृङखला विकास र नविनताको लागि दिगो कृषि सेवा सहयोग

## सम्भाग २: कार्यक्रम व्यवस्थापन तथा समन्वय

कार्यक्रमको समग्र व्यवस्थापनको लागि वीरेन्द्रनगर, सुर्खेतमा आयोजना समन्वय कार्यालय (PCO) रहनेछ्यस कार्यालयले केही क्रियाकलापहरू (जस्तै ग्रामिण वित्त) प्रत्यक्ष आफैले र अन्य कार्यहरू निजी तथा सार्वजनिक क्षेत्रका सम्बन्धितसंघ/संस्थाहरू (जस्तै बहुसरोकारवाला मञ्च, पालिकाहरू, पालिका कृषि विकास समितिहरू ADCs), सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरू (CAESCs), एग्रोभेटहरू र स्थानीय स्रोत व्यक्तिहरू) मार्फत कार्यान्वयन हुनमा सहजीकरण गरिएको छ। यस सम्भागले समग्र कार्यक्रमको योजना तर्जुमा, नियमित अनुगमन तथा मूल्याङ्कन, सिकाई तथा ज्ञान व्यवस्थापन कार्यहरूको संयोजन एव सहजीकरण गर्नेछ। कार्यक्रम चार वटै सडक खण्डहरूमा फिल्ड टिम रहने गरी चारवटा फिल्ड इकाईहरू रहेका छन् भने कार्यक्रम सम्पर्क बिन्दुको रूपमा काठमाडौंमा कार्यक्रम सम्पर्क कार्यालय रहेको छ।

## संगठनात्मक ढाँचा (Organizational Framework)

कृषि क्षेत्र विकास कार्यक्रमको समग्र जिम्मेवारी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रहेको छ। कार्यक्रम कार्यान्वयनको सहजीकरण वीरेन्द्रनगर, सुर्खेत स्थित कार्यक्रम समन्वय कार्यालयले गरेको छ। कार्यक्रमको माथिल्लो तहमा सरकार तथा दाताहरूका सहयोग प्राप्त कार्यक्रमहरू बिच समन्वय, संयोजन एवं सहजीकरण तथा कार्यक्रम व्यवस्थापनलाई आवश्यक निर्देशनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा कार्यक्रम निर्देशक समिति (Programme Steering Committee) रहेको छ। समितिको सदस्यहरुमा संघीय मन्त्रालयका प्रतिनिधिहरू, राष्ट्रिय किसान आयोग, सम्बन्धित प्रदेश कृषि मन्त्रालयका सचिव तथा सम्बन्धित निजि क्षेत्रका प्रतिनिधिहरू रहने व्यवस्था छ।

त्यसैगरी कार्यक्रम समन्वय कार्यलयलाई प्राविधिक पक्षमा सल्लाह एवं परामर्शको लागि कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव अध्यक्ष रहने गरी प्राविधिक परामर्श समूह (Technical Advisory Group) को व्यवस्था रहेको छ। समितिका सदस्यहरुमा संघीय, प्रादेशिक एवं स्थानीय तहका कृषि, पशुसेवा, वन, कृषि व्यवसायी, खाद्य प्रविधि र स्वच्छता सम्वन्धी कार्यालयका प्रतिनिधि, विज्ञहरू र निजि क्षेत्रका प्रतिनिधि रहने व्यवस्था छ।

सबै पालिकाहरूमा पालिकास्तरीय कृषि विकास समिति गठन गरिएको छ। समितिले क्लस्टर छनौट, मूल्य श्रृंखला छनौट, स्थलगत प्रमाणिकरणमा सहभागी भइ व्यावसायिक योजना स्वीकृत गरि सम्झौताका लागि सिफारिस गर्ने व्यवस्था रहेको छ। वडा तहका सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरू समग्र कार्यक्रम कार्यान्वयन संयोजनका लागि सम्पर्क केन्द्रका रूपमा रहेका छन्।

## छनौट गरिएका वस्तु/मूल्य श्रृंङ्खला (Selected Value Chains)

कार्यक्रमले नाफामूलक र जलवायु अनुकूलित मूल्य श्रृंङ्खला/बाली वस्तुहरूलाई प्राथमिकता दिएको छ। उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले कार्यान्वयन गरेका सात मूल्य श्रृंङ्खला/बाली वस्तुहरूको अलावा यस अघि गरिएका अध्ययनबाट देखिएका सम्भावित थप मूल्य श्रृंङ्खला/वाली वस्तुहरू गरि १३ वटा मूल्य श्रृंङ्खला/बाली वस्तुहरूको छनौट गरिएता पनि तपशिल अनुसारका मूल्य श्रृङ्खला/बाली वस्तुहरूमा काम गरिएको छ।

**ASDP अन्तरगत छनौट भई संचालन गरिएका बाली वस्तु र मूल्यश्रृंखला**


खसी बोका


बेमौसमी तरकारी खेती


दुग्ध व्यवसाय


आलुको बिउ/उच्च पहाडी आलु


उच्च पोषणयुक्त स्थानीय बालीहरु (कर्णाली सिमी, कोदो, फापर आदी)


बेसार


अदुवा